मितिः २०८२/०२/०४
समयः दिनको ११:०० बजे
स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८२ साल जेष्ठ ०४ गते आइतबार दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

**प्रस्तावहरु:**

१. गाउँसभाको १६ औ वर्षे अधिवेशनको तयारी तथा मिति तय गर्ने सम्बन्धमा,

२. मनहरी खोला पक्की पुल देखी नामटार स्लाब ढलान सडक योजनाको लागि अपुग रकमको श्रोत सुनिश्चित गर्ने सम्बन्धमा,

३. सार्वजनिक सुनुवाइको मिति तोक्ने सम्बन्धमा,

४. कर्मचारी प्रोत्साहन भत्ताको रकम सुनिश्चितता सम्बन्धमा,

५. वडा स्तरीय योजना कार्यान्वयनको अवस्था विश्लेषण सम्बन्धमा,

६. विविध।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा आगामी गाउँसभाको १६ औं अधिवेशन को लागि गर्नु पर्ने पुर्व तयारीहरु ; "स्रोत अनुमान तथा बजेट सिमा निर्धारण", "बस्तिस्तरबाट योजना छनौट", "बजेट तथा कार्यक्रम तर्जुमा", "कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति" गरि असार १० गते सभा गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा आ.ब. २०८१/८२ को ठेक्का नं ***KRM/CRPW/BN-05/2081/82, मनहरी खोला पक्की पुल देखी नामटार स्लाब ढलान सडक योजना कैलाश ३,४*** को लागि अपुग बजेट रु. ५९,८८,४१५/- ***सालबास हुँदै सानोडाँडाखर्क सडक निर्माण (KRM/STSKR/BN-02/2081/82)*** बाट ४४,५०,०००/- (कन्टिन्जेन्सि र बाँकि समपुरक), ***कीर्तिमाडाँडा फास्टार भार्ता वाक्सिराङ्ग सडक (KRM/KBRP/BN-04/2080/81)*** बाट १२,६८,८९५/- र बाँकी रकम रु. ३,००,०००/- भैपरि आउने पूजिंगत शिर्षकबाट दिने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा, यस पालिकाबाट यस आ.व. मा सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रम पालिका अन्तर्गत वडा नं १०(वडाः ९, १०,३,४,७,८)मा मिति २०८२/०२/१३ र वडा नं ६ (वडाः १,२,५,६) मा मिति २०८२/०२/११ मा गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा, आ.व. २०८१/८२ को बजेट कार्यक्रममा ***कर्मचारी प्रोत्साहन तथा पुरस्कार*** शिर्षकमा विनियोजित बजेटबाट २०८१ असार महिनासम्मको खर्च अपुग भएको हुँदा, सो अपुग रकम रु. २१,००,०००/- (अक्षेरिपी एक्काईस लाख रुपैया मात्र) चालु खर्चको खर्च शिर्षक नं २२४१३ ***करार सेवा शुल्कबाट*** रकमान्तर गरी अपुग शिर्षकमा थप गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा, चालु आ.ब. २०८१/८२ को वडा स्तरीय योजना कार्यान्वयनको अवस्था विश्लेषण गर्दा सबै योजनाहरु २०८२/०२/३० सम्ममा फरफारक गरि भुक्तानी गरिसक्ने भनी निर्णय गरियो।

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

६. विविध

(क) कैलाश गाउँपालिका वडा नं ९ बस्ने फुलमाया थिङ्गले मिति २०८२/०१/१० गते पालिकामा दिनुभएको निवेदन अनुसार वहाको गोठमा आगलागि हुँदा घरमा पनि क्षति भएको र श्रीमानको पनि मृत्यु भएको हुनाले र आर्थिक अवस्था निकै नै कमजोर भएकोले आर्थिक सहयोग बापत रकम रु. ३०,०००/- आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

(ख) रोटरी क्लब अफ मकवानपुरले २०८१/०५/२४-३१ गतेसम्म विभिन्न शहरहरुमा तेस्रो रोटरी मकवानपुर पिप्ले क्याम्पा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता २०८१ सम्पन्न गरेको र सो रकम जलन प्राथमिक उपचार केन्द्र स्थापना गर्ने अभियानमा सहयोग गरिने भएकोले उक्त क्लबलाई आर्थिक सहयोग रकम रु. ५०,०००/-(अक्षेरुपी पचास हजार मात्र) भैपरी आउने चालु खर्चबाट दिने निर्णय गरियो।

(ग) १५औं मकवानपुर जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता २०८१ मा कैलाश गाउँपालिकाबाट सहभागी विधार्थीहरुलाई व्यवस्थापन खर्च बापत रकम रु.५०,०००/-(अक्षेरुपी पचास हजार मात्र) भैपरी आउने चालु खर्चबाट दिने निर्णय गरियो।

(घ) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. १४८ मिति २०८१/११/२३ को पत्रानुसार ***सुरक्षित आप्रवासन (SaMi)*** कार्यक्रम कैलाश गाउँपालिकामा पनि सञ्चालन गर्नका लागि मिति २०८१/१२/०५ गते पत्राचार भएनुरुप वैदेशिक रोजगारमा जान चाहने तथा वैदेशिक रोजगारमा रहेकाको सचेतना वृद्धि गरी जोखिम न्युनिकरण तथा सहजिकरण गर्नका लागि यस पालिकामा आगामी आ.व. २०८२/८३ देखि लागु हुने गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

(ङ) पालिका तथा वडा मातहतका सम्पूर्ण कर्मचारीहरुले बिदा लिंदा, काजमा जाँदा अनिवार्य रुपमा पालिका र वडा कार्यालयमा जानकारी दिई जानुपर्ने छ। अन्यथा विभागीय कार्वाही हुने भनि निर्णय गरियो।

(च) नेपाल तामाङ्ग घेदुङ, जिल्ला समन्वय समिति, मकवानपुरले तामाङ्ग समुदायको कला, संस्कृति, भेष-भुषा, भाषा, गीत-संगीत तथा मौलिक पहिचानलाई संरक्षण एवं प्रवर्धन गर्ने

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

उद्देश्यका साथै निर्माणाधिन तामाङ्ग संग्रहालय भवन निर्माण सहयोगार्थ तामाङ्ग समुदायले मिति२०८१/१०/१७ गते हेटौंडामा आयोजना गरेको तामाङ्ग साँस्कृतिक महोत्सब २०८१ को सहयोगार्थ रकम रु. ४०,०००/-(अक्षेरुपी चालिस हजार मात्र) भैपरी आउने चालु खर्चबाट दिने निर्णय गरियो।

(छ) Opera infotainment cine pvt.ltd ले तामाङ्ग समुदायको मौलिक संस्कार, संस्कृति भाषा, भेषभुषा, बाजागाजा संरक्षण एवं प्रवर्धनको लागि मिति २०८१/०७/०९ गते हेटौंडामा डम्फु सेलो साँझ २०८१ सम्पन्न गरेको र सो कार्यक्रमको सहयोगार्थ रकम माग गरिआएकोले रकम रु.३०,०००/(अक्षेरुपी तीस हजार मात्र) भैपरी आउने चालु खर्चबाट दिने निर्णय गरियो।

(ज)कैलाश गाउँपालिका वडा नं-९ मा श्री स्यार्से कालिका मान्दिर क्षेत्र विकास समितिद्वारा सञ्चालन गरिएको श्री स्यार्से कालिका माताको मेला व्यवस्थापनको लागि रकम माग भई आएको हुनाले उक्त मेला व्यवस्थापनको लागि रकम रु.१,३०,०००/-(अक्षेरुपी एक लाख तीस हजार मात्र) भैपरी आउने चालु खर्चबाट दिने निर्णय गरियो।

अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर पुलामी
अध्यक्ष